# धुनिवेशी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१

स्विकृत मितिः २०८१।०७।१३

**प्रस्तावनाः**

धुनिवेशी नगरपालिकाभित्रका सबै शिक्षण संस्थाको आर्थिक कारोबारको प्रभावकारी, पारदर्शी, स्वच्छ र व्यवस्थितरुपले लेखापरीक्षण गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार एवम् धुनिवेशी नगरपालिका शिक्षा ऐन, २०८० को दफा ४८ र दफा ४९ ले दिएको अधिकार प्रयोग गरी यो **धुनिवेशी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१** जारी गरी लागू गरिएको छ ।

## परिच्छेद– १
## परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **धुनिवेशी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१** रहेको छ ।

(२) यो कार्यविधि धुनिवेशी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(३) यो कार्यविधि नगर कार्यपालिकाले पास गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा ऐन, २०८० सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले धुनिवेशी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले धुनिवेशी नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले धुनिवेशी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले धुनिवेशी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धुनिवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "शिक्षा शाखा" भन्नाले धुनिवेशी नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ज) "नगर शिक्षा अधिकारी" भन्नाले धुनिवेशी नगरपालिका शिक्षा शाखा प्रमुख सम्झनु पर्छ ।

(झ) "लेखापरीक्षण" भन्नाले अन्तिम आर्थिक लेखापरीक्षण कार्यलाई जनाउँदछ ।

(ञ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि नेपाल चार्टड एकाउन्टेन्टस् संस्थामा दर्ता भै प्रमाणपत्र प्राप्त व्यक्ति/संस्था/कम्पनी वा फर्मलाई जनाउँछ ।

(ट) "समिति" भन्नाले विद्यालय लेखापरीक्षक छनोट समिति सम्झनु पर्दछ ।

(ठ) "विद्यालय" भन्नाले नगरपालिकाभित्र रहेका सामुदायिक, संस्थागत, अनौपचारिक तथा खुल्ला र धार्मिक तथा परम्परागत विद्यालयहरु सम्झनु पर्दछ ।

## परिच्छेद– २

## लेखापरीक्षक छनौटका लागि सूचना प्रकाशनसम्बन्धी व्यवस्था

३. **सूचना प्रकाशन गर्नेः** (१) प्रत्येक आर्थिक वर्षको विद्यालयको लेखापरीक्षण गर्नका लागि नगरपालिकाबाट प्रत्येक वर्षको असोज मसान्तभित्र ३५ दिने सूचना प्रकाशन गरिनेछ । यो कार्यविधि लागू भएको वर्ष भने कार्यविधि स्वीकृत भएको १५ दिनभित्र सूचना प्रकाशन हुनेछ । उक्त सूचना बमोजिम ईच्छुक व्यक्ति/संस्था/कम्पनी वा फर्मले दफा ४ बमोजिमका कागजातसहित आशय पत्र दिनु पर्नेछ ।

(२) संस्थागत विद्यालयको हकमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले लेखापरीक्षण गर्नका लागि योग्यता पुगेका कम्तिमा ३ ओटा व्यक्ति/संस्था/कम्पनी वा फर्मको विवरणसहितको नाम सिफारिश गरी तोकिएको सूचना अवधिभित्र पेश गर्नु पर्ने ।

४. **लेखापरीक्षक नियुक्तिका लागि आशय पत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** (१) ईच्छुक व्यक्ति/संस्था/कम्पनी वा फर्मले आशय पत्रसाथ निम्न कागजातहरु संलग्न राख्नु पर्नेछः

(क) लेखापरीक्षकको फर्म वा कम्पनी दर्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि

(ख) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(घ) लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि

(ङ) भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि

(च) कालोसूचीमा नपरेको स्वयम घोषणाको पत्र

(छ) नगरपालिकाले तोकेबमोजिमको दर्खास्त दस्तुर ।

५. **तोकिएको ढाँचामा निवेदन दिनेः** लेखापरीक्षण नियुक्तिको आशय पत्रको ढाँचा, छनोट समितिको सिफारिसको ढाँचा, क्रमशः अनुसूची १ र २ बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## लेखापरीक्षक छनौट समिति

६. **लेखापरीक्षक छनौट समितिको गठनः** (१) लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछः

अध्यक्ष– नगर प्रमुख

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य– आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य– शिक्षा शाखा प्रमुख

सदस्य-सचिव- प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा शाखाको कर्मचारी

(२) लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) दफा ३ बमोजिम लेखापरीक्षणको लागि राष्ट्रियस्तरको पत्रिकामा र नगरपालिकाको वेभ साइटमा आशयपत्र मागका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने,

(ख) प्रकरण (क) बमोजिम प्राप्त आशयपत्र उपर छानविन, मूल्याङ्कन गर्ने,

(ग) उपयुक्त ठानिएका आवेदकलाई लेखापरीक्षकमा छनोट गर्ने,

(घ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षक छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

(ङ) विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी बेरुजु सम्परीक्षण गर्न गराउन सहजीकरण एवं निर्देशन दिने,

(च) विद्यालयहरुको लेखापरीक्षण सम्बन्धमा आवश्यकतानुसार स्थलगत अनुगमन निरीक्षणसमेत गरी प्रतिवेदन नगर शिक्षा समितिसमक्ष पेश गर्ने,

(छ) सम्बन्धित संस्थागत विद्यालयबाट तोकिएको अवधिभित्र लेखापरीक्षकको नामावली प्राप्त नभएमा समितिले सूचीकृत लेखापरीक्षकहरुबाट लेखापरीक्षक छनौट गर्ने ।

७. **लेखा परीक्षकको नियुक्तिः** (१) समितिको निर्णयअनुसार छनोट भएका लेखापरीक्षकलाई लेखा परीक्षण गर्न विद्यालय तोकेर शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियुक्ति दिइनेछ ।

(२) समितिको निर्णय भएको मितिले ३० दिनभित्र लेखापरीक्षकले नियुक्ति पत्र बुझ्नु पर्नेछ र नियुक्ति बुझेको ६० दिनभित्र सम्बन्धित विद्यालयको लेखापरीक्षण गरी लेखापरीक्षणको अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ । अन्यथा निजको नियुक्ति बदर गरी ७ दिनभित्र क्रमानुसार वैकल्पिक सूचीमा रहेका लेखापरीक्षकमध्येबाट लेखापरीक्षण गराइनेछ ।

## परिच्छेद– ४

## लेखापरीक्षक पारिश्रमिक

८. **लेखापरीक्षण पारिश्रमिकः** (१) लेखापरीक्षण गरे वापत सम्बन्धित विद्यालयबाट लेखापरीक्षकलाई निम्न अनुसारको आयव्यय विवरणमा देहायबमोजिमको पारिश्रमिक दिनु पर्नेछ ।

(क) शुरु रु.५०,००,०००।– (पचास लाख) सम्मको रु. ७,०००।–

(ख) त्यस पछिको प्रति रु. १,००,०००।– (एकलाख) को कारोवारमा थप रु. १००।– का दरले हुने रकम ।

(ग) उक्त पारिश्रमिक रकममा आयकर नियमानुसार कट्टी हुनेछ ।

(घ) विद्यालयहरुले यस कार्यविधिले तोकेको रकमभन्दा बढी पारिश्रमिक दिन पाउने छैनन् ।

(ङ) लेखापरीक्षकले एकप्रति लेखापरीक्षण प्रतिवेदन नगरपालिका शिक्षा शाखामा बुझाएको निस्सा लिएपछि मात्र विद्यालयले लेखापरीक्षण पारिश्रमिक भुक्तानी दिनुपर्नेछ ।

(च) आयव्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कन र मुद्धति खाताको रकम समावेश हुनेछैन ।

९. **तोकिएभन्दा बढी पारिश्रमिक भुक्तानी गर्न नहुनेः** यस कार्यविधिमा उल्लेखित रकमभन्दा बढी रकम विद्यालयमा लेखापरीक्षकबाट दावी गर्न पाइने छैन । लेखा परीक्षकले नियमानुसार हुन आउने रकमभन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त नगरपालिकामा जानकारी गराउनुपर्नेछ । यदी कुनै लेखापरीक्षकले बढी रकम माग गरेमा नगरपालिकाले उक्त लेखापरीक्षकको नियुक्ति रद्द गर्नेछ ।

## परिच्छेद– ५
## लेखापरीक्षण प्रतिवेदनउपर कारवाही

१०. **निवेदन दिनेः** (१) लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनी सम्बन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित नगरपालिकाको शिक्षा शाखामार्फत प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालयसमक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

११. **बेरुजु फछ्याट गर्ने अधिकारीः** अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुको प्रमाण पेश वा नियमित गरी गराई वा अशुल उपर गरी गराई फछ्राट गर्ने दायित्व शिक्षा ऐन तथा नियमावलीमा तोकिएको अधिकार प्राप्त अधिकारीको हुनेछ ।

१२. **बेरुजु सम्परीक्षणः** बेरुजु फछ्याट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा, बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्याट गर्न बाँकी रहका बेरुजु लगत तथा कारोबारसम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवार प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ । जिम्मेवार प्राप्त अधिकारीले उपर्युक्त बमोजिम बुझिलिई बेरुजु फछर्योट गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद– ६
## विविध

**१३. लेखापरीक्षकको कार्य पटकः** एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटकभन्दा बढी नियुक्ति गर्न पाइने छैन । साथै, एउटा लेखापरीक्षकले एक आ.व. मा यस नगरपालिकाभित्रको बढीमा पाँच वटासम्म विद्यालयको लेखापरीक्षण गर्न पाउने छ ।

**१४. विद्यालयको कर्तव्यः** (१) नगरपालिकाबाट नियुक्ति प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

(२) नगरपालिकाबाट नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा लगायतका अन्य सेवामा रोक लगाइने छ ।

(३) नगरपालिकाबाट अनुदान प्राप्त कुनै पनि विद्यालयले प्रत्येक महिनाको सात दिनभित्र अघिल्लो महिनाको आर्थिक विवरण तयार गरी धुनिवेशी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।

**१५. संशोधन तथा व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या वा संशोधनको अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**१६. मान्य नहुनेः** यस कार्यविधिमा उल्लिखित प्रावधान प्रचलित कानूनबमोजिम बाझिएमा त्यस्तो बाझिएको प्रावधान स्वतः अमान्य हुनेछ ।

अनुसूची १

लेखापरीक्षक नियुक्तिका लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् शिक्षा शाखा प्रमुखज्यू,
शिक्षा, युवा तथा खेलकुद शाखा
धु.न.पा., काठमाडौं ।

**विषयः लेखापरीक्षकको नियुक्ती पाऊँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा धुनिवेशी नगरपालिका अन्तर्गतको ................................ विद्यालयको लेखापरीक्षण गर्ने कार्यका लागि मलाई नियुक्त गरिएको जानकारी प्राप्त भएको हुँदा नियुक्ति पत्र उपलब्ध गराई पाउन यो निवेदन पेश गरेको छु । नगरपालिकाले तोकेको भन्दा बढी पारिश्रमिक दावी गर्ने छैन । धुनिवेशी नगरपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ मा भएको व्यवस्थाको पूर्ण पालना गर्नेछु ।

निवेदकः

नामथरः .................. रजिष्टर्ड लेखापरीक्षण द.नं. ...

मोबाईल नं. ...........

संलग्न कागजातहरु

१. नवीकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

२. कर्मचारीको हकमा विभागीय स्वीकृती पत्रको प्रतिलिपि

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

अनुसूची २

छनोट समितिले गर्ने लेखापरीक्षक सिफारिसको ढाँचा

मितिः

श्री धुनिवेशी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
शिक्षा, युवा तथा खेलकुद शाखा ।

**विषयः लेखापरीक्षक सिफारिस गरिएको सम्बन्धमा ।**

लेखापरीक्षक छनौट समितिको मिति ............ निर्णय अनुसार आ.व. ............ को विद्यालयको लेखापरीक्षणका लागि तपसिलमा उल्लेखित रजिष्टर्ड लेखापरीक्षकको सिफारिस गरिएको छ ।

**तपशिल**

| क्र.सं. | नाम थर | प्र.प.नं. | मोबाईल नं. | सिफारिस गरिएको विद्यालय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |